नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा.मन्त्रिज्यूबाट स्वीकृत मितिः २०८३/५/५

# विद्युतीय सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३

विद्युतीय सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "विद्युतीय सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. विद्युतीय सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८२ को दफा ९ मा संशोधनः विद्युतीय सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८२ (यस पछि "मूल कार्यविधि भनिएको) को दफा ९ को उपदफा (४) को अन्तिममा रहेको "समेत गर्न सक्नेछ" भन्ने शव्दहरुको सट्टा "गर्नेछ" भन्ने शव्द राखिएको छ।

३. मूल कार्यविधिको दफा ११ मा संशोधनः मूल कार्यविधिको दफा ११ को उपदफा (३) को खण्ड (ख) मा रहेको "अनुगमन" भन्ने शव्द पछि "गर्न अनुसूची-३ बमोजिमको अनुगमन फारम प्रयोग गर्नु पर्नेछ।" भन्ने शव्दहरु थप गरिएका छन्।

४. मूल कार्यविधिको दफा १४ मा संशोधनः मूल कार्यविधिको दफा १४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) टेलिभिजन तर्फ

| प्रति मिनेट दर | |
|---|---|
| समयको वर्गिकरण | भू-उपग्रह/भू-सतही/केबल |
| सुपर प्राइम | रू.१८१०। |
| प्राइम | रू.१२६५। |



अनिमित्त सचिव

| | |
|---|---|
| सामान्य | रु.९५०। |

"

५. <u>मुल कार्यविधिको दफा १८ मा संशोधनः</u> मूल कार्यविधिको दफा १८ को खण्ड (झ) को शूरुमा "अघिल्लो आर्थिक वर्षको" भन्ने शब्दहरु थप गरिएका छन्।

६. <u>मुल कार्यविधिको दफा २२ मा संशोधनः</u> मूल कार्यविधिको दफा २२ को,-

(१) उपदफा (१) मा रहेको नेटवर्क रेडियोलाई भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (२) मा "भू-सतही प्रसारण अनुमती प्राप्त गरेका टेलिभिजनले आफ्नो प्रसारण भू-उपग्रह वा केबल जुन माध्यमबाट गरेको हो सोही दरमा भुक्तानी गरिनेछ ।" भन्ने शब्दहरु झिकिएका छन्।

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ:-

"(४) एउटै प्रसारण संस्था वा एउटै स्थायी लेखा नम्बर वा एकै व्यक्तिको स्वामित्वमा एक भन्दा बढी रेडियो तथा टेलिभिजन सञ्चालनमा रहेको भएमा कुनै एक रेडियो र कुनै एक टेलिभिजन लाई मात्रै लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ।"

निमित्त सचिव

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा ११ (३) (ख) सँग सम्बन्धित)

**लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने विद्युतीय सञ्चारमाध्यम रेडियो/टेलिभिजनको स्थलगत अनुगमन फारम**

१. रेडियो/टेलिभिजनको नामः

२. रेडियो/टेलिभिजन सञ्चालन गर्ने संस्थाको नामः

३. रेडियो/टेलिभिजन सञ्चालन भएको जिल्लाः

४. रेडियो/टेलिभिजन सामुदायिक वा व्यापारिक कुन प्रकृतिको हो खुलाउनेः+

५. रेडियो/टेलिभिजन सञ्चालन गर्ने संस्था प्रमुखको नामः

६. रेडियोको फ्रिक्वेन्सी र वाट खुलाउनेः

७. टेलिभिजनको किसिमः (क) केवल (ख) भु-सतही (ग) भु-उपग्रह

८. रेडियो/टेलिभिजन सञ्चालन शुरु भएको बर्षः

९. रेडियो/टेलिभिजनबाट्-प्रसारण हुने बिषयबस्तुः (क) समाचारमुलक (ख) मनोरञ्जनात्क (ग) समाचार र मनोरञ्जन मिश्रित (घ) अन्य

१०. रेडियो/टेलिभिजनले यस अघि लोककल्याणकारी विज्ञापन प्रसारण गरे वा नगरेकोः

११. लोककल्याणकारी विज्ञापन प्राप्त गरेको भए कुन आर्थिक बर्षदेखि प्राप्त गरेकोः

१२. रेडियो/टेलिभिजनको आम्दानीको मुख्य स्रोतः

१३. रेडियो/टेलिभिजनको मासिक आम्दानीः

१४. रेडियो/टेलिभिजनको मासिक खर्चः

१५. रेडियो/टेलिभिजन आफ्नै भवनमा सञ्चालन भए नभएकोः

१६. रेडियो/टेलिभिजनमा कार्यरत कर्मचारीको जम्मा संख्याः

(क) पुर्णकालिन कर्मचारी संख्याः (ख) आंशिक समय काम गर्ने कर्मचारी संख्याः

१७. रेडियो/टेलिभिजनले विज्ञापन बोर्डबाट प्राप्त समय वर्गीकरणका आधारमा लोककल्याणकारी विज्ञापन प्रसारण अवधिभरको प्रसारण तालिका (Broadcast Schedule) र दैनिक प्रसारण तालिका (Daily Queue Sheet) तयार गरी लोककल्याणकारी विज्ञापन प्रसारण गरेको छ/छैन?

१८. विज्ञापन बोर्डबाट प्राप्त लोककल्याणकारी विज्ञापनहरु आफु खुसी सम्पादन गरी प्रसारण गरेको छ/छैन?

१९. रेडियो/टेलिभिजनले प्रत्येक दिन प्रसारण गर्ने लोककल्याणकारी विज्ञापन फरक फरक बिषयको रहे/नरहेको?



निमित्त सचिव

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

२०. लोककल्याणकारी विज्ञापन प्रसारण अवधिभर रेडियो/टेलिभिजन अवरुद्ध भए/नभएको ?

२१. अवरुद्ध भएको भए कस्तो वैकल्पिक व्यवस्था गरेको ?

२२. रेडियो/टेलिभिजनले लोककल्याणकारी विज्ञापन प्रसारणका सम्बन्धमा भोग्नु परेका मुख्य समस्याहरु:

२३. उक्त समस्या समाधान गर्न रेडियो/टेलिभिजनको राय/सुझाव:

२४. अनुगमनमा खटिने कर्मचारीलाई उपरोक्त बिषय जानकारी गराउने मुख्य व्यक्तिको:

(क) नाम: (ख) दस्तखत:

(ग) पद: (घ) रेडियो/टेलिभिजनको छाप:

<u>अनुगमनकर्ताले भर्नुपर्ने विवरण:</u>

१. रेडियो/टेलिभिजनले लोककल्याणकारी विज्ञापन प्रसारण अनुगमन गरेको मिति:

२. प्रसारण तालिका अनुसार लोककल्याणकारी विज्ञापन प्रसारण भए/नभएको ?

३. रेडियो/टेलिभिजनले प्रसारण तालिका पेश गरे/नगरेको ?

अनुगमनकर्ताको नाम थर: पद:

कार्यालय: दस्तखत:

निमित्त सचिव